www.ctevtsolution.com

लोक सेवा आयोग

नेपाल टेलिकम, प्रशासन, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।०३।१४

**KEY [D]**

पत्र : प्रथम
समय : ४५ मिनेट

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान र गणित

| |
|---|
| उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा calculator, mobile प्रयोग गर्न पाइनेछैन । |

वस्तुगत बहुउत्तर — ५०×२=१०० अङ्क

1. MKS प्रणालीअनुसार पिण्डलाई कुन इकाइमा नापिन्छ?
   A) मिटर  B) किलोग्राम  C) ग्राम  D) पाउण्ड
2. काठमाडौमा सम्पन्न भएको "सगरमाथा संवाद २०२५" बाट कति बुँदे घोषणापत्र जारी भएको छ?
   A) २० बुँदे  B) २२ बुँदे  C) २५ बुँदे  D) २८ बुँदे
3. International Telecommunication Union (ITU) को प्रधान कार्यालय कहाँ रहेको छ?
   A) लण्डन  B) पेरिस  C) न्यूयोर्क  D) जेनेभा
4. एउटा काम ३५ जना मानिसले १८ दिनमा गर्न सक्दछन् भने ३ दिन अगाडि नै उक्त काम सक्न कति जना मानिस थप गर्नु पर्दछ?
   A) २  B) ३  C) ५  D) ७
5. निम्न भिन्नहरू मध्ये सबैभन्दा ठूलो भिन्न कुन हो?
   A) $\frac{3}{5}$  B) $\frac{7}{10}$  C) $\frac{11}{20}$  D) $\frac{27}{40}$
6. 135% लाई भिन्नमा कसरी लेखिन्छ?
   A) $1\frac{7}{20}$  B) $1\frac{3}{35}$  C) $1\frac{3}{20}$  D) $1\frac{7}{35}$
7. वार्षिक ८ प्रतिशत साधारण ब्याजदरमा केही रकम लगानी गरेर सावाँ जति नै ब्याज आर्जन गर्न कति समय पर्खनु पर्दछ?
   A) ६ वर्ष ६ महिना  B) ८ वर्ष ६ महिना  C) १० वर्ष ६ महिना  D) १२ वर्ष ६ महिना
8. यदि एउटा सामान रू. १०० मा बेच्दा २० प्रतिशत नोक्सान हुन्छ भने २० प्रतिशत नाफा गर्न उक्त सामान कतिमा बेच्नु पर्दछ?
   A) रू. १२०  B) रू. १२५  C) रू. १४०  D) रू. १५०
9. एउटा पसलमा भएका सबै सामानमा समान दरमा छुट दिइएको छ । यदि रू. २४० पर्ने खेलौना रू. २०४ मा किन्न पाइन्छ भने रू. १४० पर्ने घडीलाई कति रूपैयाँ तिर्नु पर्दछ?
   A) रू. ११९  B) रू. ११०  C) रू. ११९  D) रू. १२०
10. एउटा मोबाइल रू. ४००० मा किनेर २० प्रतिशत घाटामा बेच्दा सो मोबाइलको बिक्रय मूल्य कति हुन्छ?
    A) रू. ३०००  B) रू. ३२००  C) रू. ३४००  D) रू. ३६००
11. यदि A:B = 3:4 र B:C = 8:9 भए A:C को मान कति हुन्छ?
    A) 2:3  B) 3:2  C) 4:3  D) 3:4
12. दिइएको आँकडाको मध्यक ($\bar{x}$) = २० भए x को मान कति होला?
    १६, १८, २१, २२, २६, १७, x
    A) १७  B) १८  C) १९  D) २०

क्रमशः

www.ctevtsolution.com

www.ctevtsolution.com

५० जना विद्यार्थी र १ जना शिक्षकको उमेरको औषत २५ वर्ष छ । यदि शिक्षकलाई हटाउने भने सो औषत १ ले कम हुन्छ भने शिक्षकको उमेर कति हो?

A) ६५ वर्ष B) ७५ वर्ष C) ८४ वर्ष D) ८५ वर्ष

14. तल दिइएका कथनहरू अध्ययन गरी सही विकल्प छनोट गर्नुहोस् ।

क) नेपाललाई विषमताको हावापानीको देश भनेर चिनिन्छ ।

ख) नेपालको कुल १०६ स्थानीय तहमा वन क्षेत्र रहेको छैन ।

ग) काठमाडौं उपत्यकाको क्षेत्रफल ३९५ वर्ग किमी रहेको छ ।

A) क मात्र ठिक, ख र ग बेठिक B) क र ख ठिक, ग बेठिक

C) क, ख र ग सबै ठिक D) क बेठिक, ख र ग मात्र ठिक

Ctevtsolution.com

15. नेपालको हावापानीमा प्रभाव पार्ने तत्त्व तलका मध्ये कुन होइन?

A) अक्षांश B) धरातलीय उचाइ

C) नदीहरूको उपस्थिति D) सामुन्द्रिक दूरी

16. प्रसिद्ध तिर्थस्थल गोसाईंकुण्ड कुन जिल्लामा अवस्थित छ?

A) सिन्धुपाल्चोक B) गोरखा C) धादिङ D) रसुवा

17. दोलखाको खरिढुंगा क्षेत्रमा मुख्य रूपमा तलका मध्ये कुन खनिज पदार्थ पाइन्छ?

A) निकेल B) म्याग्नेसाइट C) दुर्लभ धातु D) कोबाल्ट

18. पुमोरी हिमशिखर कुन जिल्लामा अवस्थित छ?

A) सोलुखुम्बु B) गोरखा C) सिन्धुपाल्चोक D) संखुवासभा

19. गोरखापत्रको प्रकाशन कुन राणा प्रधानमन्त्रीको कालमा भएको हो?

A) रणोद्दिप B) देवशमशेर C) चन्द्रशमशेर D) वीरशमशेर

20. पाटनका अन्तिम मल्ल राजा को थिए?

A) तेजनरसिंह मल्ल B) श्रीनिवास मल्ल C) जयप्रकाश मल्ल D) रणजीत मल्ल

21. नेपालको एकीकरण अभियानमा दिगर्चाको लडाईंमा वीरगति प्राप्त गर्ने व्यक्ति तलका मध्ये को हुन्?

A) काजी कालु पाण्डे B) सरदार गन्धर्व राणा C) भाष्कर राना D) चौतरिया हस्तिदल शाह

22. पन्चैबाजा समूहमा नपर्ने बाजा तलका मध्ये कुन हो?

A) नरसिङ्गा B) कर्नाल C) दमाहा D) ट्याम्को

23. राष्ट्रिय जनगणना, २०७८ अनुसार थोरैदेखि धेरै जनसंख्या भएको जिल्लाको क्रम कुन सही छ?

A) मनाङ, मुस्ताङ, डोल्पा, रसुवा र हुम्ला B) मुस्ताङ, मनाङ, रसुवा, हुम्ला र डोल्पा

C) रसुवा, मनाङ, मुस्ताङ, डोल्पा र हुम्ला D) मनाङ, डोल्पा, मुस्ताङ, हुम्ला र रसुवा

24. घोडेजात्रा कुन तिथिमा मनाइन्छ?

A) चैत्र कृष्ण अष्टमी B) चैत्र शुक्ल पूर्णिमा C) चैत्र कृष्ण औंसी D) चैत्र शुक्ल अष्टमी

25. बागमती प्रदेशको नामाकरण कहिले भएको हो?

A) वि.सं. २०७४ फागुन १२ B) वि.सं. २०७५ असार १८

C) वि.सं. २०७६ वैशाख २३ D) वि.सं. २०७६ पुस २७

26. नेपालमा सबैभन्दा धेरै स्थानीय तह रहेको जिल्ला तलका मध्ये कुन हो?

A) सिरहा B) महोत्तरी C) धनुषा D) सर्लाही

Ctevtsolution.com

27. क्षेत्रफलको हिसाबले कोशी प्रदेशको सबैभन्दा सानो जिल्ला कुन हो?

A) ताप्लेजुङ B) पाँचथर C) तेह्रथुम D) धनकुटा

28. नेपालको संविधानले कुन तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ?

A) आधारभूत B) माध्यमिक C) पूर्वप्राथमिक D) उच्च शिक्षा

www.ctevtsolution.com

क्रमशः

www.ctevtsolution.com

29. नेपालको संविधानले दूरसञ्चार सम्बन्धी विषय कुन तहको अधिकार सूचीमा समावेश गरेको छ?
A) संघ B) प्रदेश
C) संघ र प्रदेशको साझा D) संघ, प्रदेश र स्थानीय तहको साझा

30. राष्ट्रिय कृषिगणना २०७८ नेपालको कति औं कृषि गणना हो?
A) पाँचौं B) छैटौं C) सातौं D) आठौं

31. दीर्घकालीन सोच २१०० अनुरूप आ.व. २१००/०१ सम्म इन्टरनेटमा पहुँच प्राप्त जनसंख्या कति प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ?
A) ९५ B) ९७ C) ९८ D) १००

32. नेपालमा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको नाममा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रम कुन जिल्लाबाट प्रारम्भ भएको हो?
A) बाँके B) बर्दिया C) कञ्चनपुर D) कैलाली

33. राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको साक्षरता दर कति प्रतिशत रहेको छ?
A) ७०.५ B) ७४.४ C) ७६.२ D) ७८.५

34. दिगो विकासका लक्ष्यहरू कतिवटा रहेका छन्?
A) १६ B) १७ C) १८ D) १९

35. भिजेको नीलो लिट्मस पेपरलाई कार्बन डाइअक्साइड ग्यासले कुन रंगमा परिणत गर्दछ?
A) हरियो B) सेतो C) रातो D) कालो

36. चार्ल्स डार्विनले विकाससम्बन्धी सिद्धान्त कहिले प्रतिपादन गरेका हुन्?
A) सन् १५५९ B) सन् १६५९ C) सन् १७५९ D) सन् १८५९

37. युरोपियन युनियन (EU) को सदस्यता त्याग गर्ने पहिलो राष्ट्र कुन हो?
A) नर्वे B) जर्मनी C) बेलायत D) फ्रान्स

38. संयुक्त राष्ट्रसंघीय विश्वविद्यालय कहाँ रहेको छ?
A) जापानको टोकियो B) चीनको बेइजिङ C) बेलायतको लण्डन D) अमेरिकाको न्यूयोर्क

39. जनकपुरको जानकी मन्दिर कुन शैलीमा निर्माण भएको छ?
A) शिखर B) गुम्बज C) प्यागोडा D) मिश्रित

40. सार्कमा सबैभन्दा बढी प्रतिव्यक्ति आय भएको देश कुन हो?
A) माल्दिभ्स B) श्रीलंका C) बंगलादेश D) भुटान

41. युरो कप फुटबल, २०२४ को विजेता राष्ट्र कुन हो?
A) इङ्गल्याण्ड B) हंगेरी C) स्पेन D) टर्की

42. सन् २०२५ को ओस्कार अवार्डमा उत्कृष्ट चलचित्रको अवार्ड जित्ने चलचित्र तलका मध्ये कुन हो?
A) ओपनहाइमर B) अनोरा C) द ब्रुटलिस्ट D) वार इज ओभर

43. छैटौं BIMSTEC सम्मेलन कुन देशमा भएको थियो?
A) बंगलादेश B) भारत C) म्यानमार D) थाइल्याण्ड

44. नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना कहिले भएको हो?
A) वि.सं. २०५४ फागुन २० B) वि.सं. २०५४ चैत्र १५
C) वि.सं. २०५५ माघ १० D) वि.सं. २०५६ फागुन १७

45. सार्वजनिक संस्थानहरूको वर्गीकरणमा नेपाल टेलिकम कुन क्षेत्रको संस्थानमा पर्दछ?
A) जनोपयोगी B) सेवा C) सामाजिक D) व्यापारिक

46. नेपालमा प्रसारण गर्ने इजाजत प्राप्त निजी क्षेत्रको पहिलो एफ. एम. कुन हो?
A) गोरखा एफ. एम. B) सगरमाथा एफ. एम.
C) कान्तिपुर एफ. एम. D) क्लासिक एफ. एम.

www.ctevtsolution.com

www.ctevtsolution.com



47. नेपालमा सेलुलर मोबाइल फोनको सुरुवात कहिलेदेखि भएको हो?

A) वि.सं. २०५६ वैशाख १
B) वि.सं. २०५७ वैशाख १
C) वि.सं. २०५८ वैशाख १
D) वि.सं. २०५९ वैशाख १

48. भू-उपग्रह (Satellite) का आविष्कारक को हुन्?

A) स्पुतनिक
B) रोल्याण्ड हिल
C) विलियम वर्ट
D) जर्ज इष्टम्यान

49. CRT Monitor मा CRT को पूरा रूप के हो?

A) Crystal Ray Tube
B) Character Reader Tube
C) Cathode Ray Tube
D) Cathode Reader Tube

50. १० हेक्टोमिटर बराबर _ हुन्छ ।

A) १ किलोमिटर
B) १ मिटर
C) १ डेकामिटर
D) १ सेन्टिमिटर

:: समाप्त ::

उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।

MISSION PSC
Ctevtsolution.com

www.ctevtsolution.com